**L3 तह (Sub Engineer, Agriculture Technician, Data Entry Assistant, Finance and Book Keeping Assistant) का पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

यस पाठ्यक्रमलाई दुई चरणमा विभाजन गरिएको छ।

प्रथम चरण- लिखित परीक्षा पूर्णाङ्कः ७५

द्वितीय चरण- अन्तर्वार्ता पूर्णाङ्कः २५

**परीक्षा योजना (Examination Scheme)**

| चरण | विषय | प्रश्न संख्या | अंकभार | परीक्षा प्रणाली | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| प्रथम | (क) सेवा सम्बन्धि कार्यज्ञान | २५ | २५x१.५=३७.५ | बहुवैकल्पिक प्रश्न (MCQs) | ४५ मिनेट | ७५ | ४५ |
| | (ख) स्वीकृत कार्यक्षेत्रगत शर्तमा आधारित विषयवस्तु | २५ | २५x१.५=३७.५ | | | | |
| द्वितीय | | | | अन्तर्वार्ता | | २५ | |

**द्रष्टव्य:**

१. वस्तुगत बहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

२. वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षरहरु (Capital letters): A,B,C,D मा लेख्नुपर्नेछ । सानो अक्षरहरु (Small letters): a,b,c,d लेखेको वा अन्य कुनै सङ्केत गरेको भए सबै उत्तरपुस्तिका रद्द हुनेछ ।

३. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

४. यथासम्भव प्रश्नहरु यस कार्यक्रमको कार्यक्षेत्र कर्णाली प्रदेशको सन्दर्भमा सोधिने छन्।

५. प्रथम चरणको लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाईमात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराईनेछ।

## क. Agriculture Technician पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

### प्रथम चरणको खण्ड (क)

### सेवा सम्बन्धित कार्य-ज्ञान (Job based knowledge)

### (२५ प्रश्न x१.५=३७.५अङ्क)

**कृषि तथा पशुपन्छी सम्बन्धि**

१. नेपालमा विद्यमान कृषि तथा पशुपन्छी विकास सम्बन्धि विभिन्न ऐन, नियम तथा कार्यविधिहरु

२. वर्तमान कृषि र पशुसेवा विभागको संरचना र उपलब्धि

३. कृषि तथा पशुपन्छी अनुसन्धानको संरचना तथा भूमिका

४. नेपालमा कृषि तथा पशुपन्छी पालनको संक्षिप्त इतिहास तथा वर्तमान अवस्था

५. चालु आवधिक योजनामा कृषि तथा पशुपन्छी विकासको उद्देश्य, नीति तथा क्षेत्रगत विकास कार्यक्रमको प्राथमिकता, लक्ष्य एवं कार्यान्वयन रणनीति

६. नेपालको अर्थतन्त्रमा कृषि तथा पशुपन्छी विकासको महत्व

७. कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा आधार र एकीकृत प्रसार सेवा कार्यक्रम

८. कृषि तथा पशुपन्छी विकास कार्यक्रममा ऋण, बिमा, उत्पादन सामग्री, औजार तथा उपकरण, बजार तथा मुल्य व्यवस्था

९. कृषि तथा पशुपन्छी वस्तुहरुको उत्पादन लागत तथा मूल्य निर्धारण

१०. कृषि तथा पशुपन्छी विकासमा सरकारी, सहकारी तथा नीजि क्षेत्रको भूमिका

११. कृषि तथा पशुपन्छीको दिगो एवं व्यवसायिक उत्पादन वृद्धिको लागि अपनाइने उत्पादन र उत्पादनोपरान्त post harvest प्रविधि

१२. कृषि तथा पशुपन्छी विकासमा कृषि/पशु सेवा प्रसारको महत्व, सीमितता र प्रभावकारीता

१३. कृषि तथा पशुपन्छी प्रसारका विभिन्न तरिकाहरु र तिनको तुलनात्मक फाइदा र सीमितता

१४. कृषि तथा पशुपन्छी विकासमा समुह पद्धती प्रकृया र कार्यान्वयन तथा अगुवा कृषक छनौटको आधार, भूमिका र परिचालन

१५. कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वनमा स्थानिय तहमा प्रोफाइलको महत्व तथा कार्यक्रममा कार्यान्वन स्तरमा सुपरिवेक्षण अनुगमन एवं मूल्याँकनको भूमिका

१६. नेपालको कृषि तथा पशुपन्छी विकासका कार्यक्रमका प्रमुख समस्याहरु

१७. कृषि तथा पशुपन्छी विकासका लागि तालिम तथा संचार कार्यक्रमको भूमिका

१८. कृषि तथा पशुपन्छी विकास कार्यक्रममा स्थानीय निकायको भुमिका

१९. कृषि तथा पशुपन्छी विकासमा ग्रामिण पूर्वाधार सिँचाई, कृषि सडक आदिको महत्व

२०. दिगो कृषि तथा पशुपन्छी विकासका सिद्धान्तहरु

**प्रथम चरणको खण्ड (ख)कार्यक्षेत्रगत शर्तमा आधारित बहुबैकल्पिक प्रश्नहरु**